# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१०   सङ्ख्या-१   बलेफी   स्थानीय राजपत्र   प्रकाशित मिति २०८३/०२/२६

## भाग-२

### बलेफी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना:** गाउँपालिका क्षेत्रको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न तथा साधन स्रोतको समुचित परिचालन गरी गाउँपालिकाबाट प्रदान गरिने विद्यालय संचालन तथा व्यवस्थापन अनुदानलाई अनुमानयोग्य, पारदर्शी र नतिजासँग आबद्ध बनाई बालमैत्री विद्यालय वातावरण निर्माण गर्न वाञ्छनीय भएकाले बलेफी गाउँपालिका शिक्षा ऐन, २०७९ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

- यो कार्यविधिको नाम "विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

- यो कार्यविधि बलेफी गाउँपालिकाको कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

- विद्यालय भन्नाले बलेफी गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालय सम्झनुपर्छ।
- कार्यपालिका भन्नाले बलेफी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।
- अनुदान् भन्नाले दफा ४ बमोजिम खर्च गर्ने गरी प्रति विद्यार्थी रू. १,०००/- का दरले वार्षिक एकमुष्ट पालिकाबाट विनियोजित बजेटबाट विद्यालयलाई उपलब्ध गराउने रकम सम्झनुपर्छ।
- विद्यार्थी भन्नाले सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई सम्झनुपर्छ।
- बाल विकास भन्नाले बालबालिकाको शारीरिक, मानसिक, संज्ञानात्मक, सामाजिक तथा भावनात्मक सर्वाङ्गीण विकासलाई सम्झनुपर्छ।
- समावेशी शिक्षा भन्नाले अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि अनुकूल शैक्षिक वातावरण सम्झनुपर्छ।

**३. अनुदान निकासा प्रक्रियाः**

- **Integrated Educational Management Information System (IEMIS)** मा दर्ता भएका विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी रू. १,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा सम्बन्धित विद्यालयको खातामा पालिकाले निकासा दिनेछ।
- निकासा प्रक्रियाको लागि विद्यालयले आर्थिक वर्षको पहिलो महिनाभित्र विद्यार्थी संख्या सहितको निवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ।
- पालिकाले रकम निकासा गर्नुअघि विद्यालयको विगत वर्षको खर्च प्रतिवेदन पेश भए नभएको र लेखापरीक्षण भए नभएको यकिन गर्नेछ।

- विद्यालयले प्राप्त अनुदानको वार्षिक योजना र बजेट विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**४. अनुदान खर्च गर्ने विधिः**

- विद्यालयले प्राप्त अनुदान रकम प्रचलित ऐन कानुन अनुसार तपसिल बमोजिमका शीर्षकमा मात्र खर्च गर्न सकिनेछ।

| क्र. सं. | खर्च शीर्षक | कैफियत |
|---|---|---|
| १. | विद्यालयको विद्युत महसुल | |
| २. | विद्यालय मर्मत सम्भार तथा रङ्गरोगन | |
| ३. | परीक्षा संचालन तथा व्यवस्थापन | |
| ४. | अतिरिक्त क्रियाकलाप संचालन | |
| ५. | ICT/Science Lab सामाग्री मर्मत तथा खरिद | |
| ६. | डेस्क बेन्च मर्मत | |
| ७. | बाल विकास तथा मानसिक स्वास्थ्य कार्यक्रम | |
| ८. | पोषण तथा स्वास्थ्य कार्यक्रम | |
| ९. | पुस्तकालय तथा पठन सामग्री | |
| १०. | खेलकुद तथा शारीरिक विकास सामाग्री | |
| ११. | विशेष शिक्षा तथा समावेशी कार्यक्रम | |
| १२. | पर्यावरण तथा हरित विद्यालय कार्यक्रम | |
| १३. | छात्रावास व्यवस्थापन | |
| १४. | सरसफाई | |

**४.१ बाल विकास तथा मानसिक स्वास्थ्य कार्यक्रमः** यस शीर्षकअन्तर्गत निम्न क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

- बालबालिकाको मनोसामाजिक परामर्श सेवा संचालन
- हाउस सञ्चालन
- सृजनात्मक तथा कलात्मक विकासका सामग्री (ड्रइङ, म्युजिक, नृत्य कक्षा)
- बालबालिकाको आत्मविश्वास अभिवृद्धि कार्यशाला

४.२ **पोषण तथा स्वास्थ्य कार्यक्रमः** यस शीर्षकअन्तर्गत निम्न क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

- पोषण कार्यक्रम
- स्वास्थ्य जाँच तथा स्वच्छता अभियान
- पिउने पानीको व्यवस्था तथा स्यानिटेशन सुधार
- विद्यार्थीका लागि प्राथमिक (First Aid) सामग्री

४.३ **पुस्तकालय तथा पठन सामग्रीः** यस शीर्षकअन्तर्गत निम्न क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

- पुस्तकालय पुस्तक खरिद तथा व्यवस्थापन
- बाल पत्रिका, शैक्षिक सामग्री तथा सन्दर्भ पुस्तकहरू
- डिजिटल पठन सामग्री (E-books, Educational Apps)
- पढ्न प्रोत्साहन गर्ने प्रतियोगिता तथा कार्यक्रम

४.४ **खेलकुद तथा शारीरिक विकासः** यस शीर्षक अन्तर्गत निम्न क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

- खेल सामग्री खरिद (फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन आदि)
- इन्डोर खेल सामग्री (क्यारम, चेस, टेबल टेनिस)
- विद्यालयस्तरीय खेलकुद प्रतियोगिता आयोजना
- शारीरिक शिक्षा सामाग्री

४.५ **विशेष शिक्षा तथा समावेशी कार्यक्रमः** यस शीर्षकअन्तर्गत निम्न क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

- अपाङ्गता भएका विद्यार्थीका लागि सहायक सामग्री तथा उपकरण
- दलित, जनजाति तथा पिछडिएका वर्गका विद्यार्थीलाई विषेश सहयोग
- छात्रावृत्ति सहयोग (पालिकाको अन्य कार्यक्रमसँग दोहोरो नपर्ने गरी)

४.६ **पर्यावरणीय कार्यक्रमः** यस शीर्षकअन्तर्गत निम्न क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

- विद्यालय परिसरमा वृक्षारोपण तथा गार्डेनिङ्ग
- विद्यालय परिसर भित्र फोहोर व्यवस्थापन कार्यक्रम

**उल्लिखित शीर्षक बाहेक तलब भत्ता, कोचिङ कक्षा जस्ता निरन्तर प्रयोजन तथा संघिय अनुदान वा पालिकाको अन्य योजना वा अनुदानसँग दोहोरो हुने शीर्षकमा खर्च गर्न पाइनेछैन।**

**५. विद्यालय व्यवस्थापन समितिको भूमिका:**

- विद्यालय व्यवस्थापन समितिले वार्षिक बजेट तथा खर्च योजना अनुमोदन गर्नेछ।
- अनुदान खर्चसम्बन्धी निर्णयहरू समितिको बैठकबाट गर्नुपर्नेछ।
- प्रत्येक त्रैमासिकमा खर्च विवरण समितिसमक्ष प्रस्तुत गर्नुपर्नेछ।
- विद्यार्थी, अभिभावक तथा शिक्षकको सुझाव समेटेर खर्च प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

**६. अनुगमन तथा मूल्याङ्कन:** गाउँपालिकाको शिक्षा शाखाले त्रैमासिक रूपमा विद्यालयको अनुदान उपयोग अनुगमन गर्नेछ। विद्यालयले बाल विकाससँग सम्बन्धित सूचकाङ्कहरूमा भएको प्रगति उल्लेख गरी वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ। अनुगमनमा विद्यार्थीको उपस्थिति, सिकाई उपलब्धि, स्वास्थ्य अवस्था र विद्यालय छाड्ने दर समावेश हुनेछ। राम्रो प्रदर्शन गर्ने विद्यालयलाई थप प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ।

**७. प्रतिवेदन:** विद्यालयले प्राप्त गरेको अनुदान रकमको बिल भरपाई सहितको विस्तृत प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र गाउँपालिकामा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। प्रतिवेदनमा अनुदानबाट भएका बाल विकास कार्यक्रमहरूको नतिजा (Output) र प्रभाव (Outcome) समेत उल्लेख गर्नुपर्नेछ। निर्धारित समयमा प्रतिवेदन पेश नगर्ने विद्यालयलाई आगामी वर्षको अनुदान रोक्न सकिनेछ।

**८. लेखापरीक्षण:** प्राप्त अनुदान रकमको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ। आन्तरिक लेखापरीक्षण विद्यालय व्यवस्थापन समितिद्वारा र अन्तिम लेखापरीक्षण स्थानीय सरकार सञ्चालन ऐन बमोजिम हुनेछ। लेखापरीक्षणको प्रतिलिपि गाउँपालिकामा अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**९. कारबाही तथा जवाफदेहिता:** अनुदान रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित विद्यालय प्रमुख तथा व्यवस्थापन समिति अध्यक्ष प्रचलित कानुन बमोजिम जवाफदेही हुनुपर्नेछ ।

१०. **संशोधन तथा बाधा अड्काउ फुकाउः** यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ। यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले,**

**होम बहादुर राउत**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मितिः २०८३/०२/२६**